निर्णय नं. १

चालु आ.व.मा सङघीय सरकारवाट प्राप्त समपुरक कोष रकम रु १,१०,००,०००/- र धनकुटा नगरपालिकाको साझेदारी रकम रु १,००,००,०००/- गरी २,१०,००,०००/- वाट प्राविधिक लागत अनुमानका आधारमा प्रति वडा कार्यालय भवन रु ६२,००,०००/- का दरले निम्न ३ वटा वडा कार्यालय भवन निर्माण गर्ने र हाल वडा नं. १० को वडा कार्यालय सञ्चालन भएको स्थानमा सभाहल निर्माणका लागि रु २४,००,०००/- विनियोजन गर्ने,खरिद प्रकृयामा रकम वचत रहन गएमा वाकी वडा कार्यालय मर्मत गर्ने निर्णय गरियो ।

निम्न

१. वडा कार्यालय भवन निर्माण वडा नं. ४
२. वडा कार्यालय भवन निर्माण वडा नं. ५
३. वडा कार्यालय भवन निर्माण वडा नं. ६

निर्णय नं. २

भिरगाउँ स्वास्थ्य चौकीको नयाँ भवन निर्माण भएर वर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार भएको, नेपाल सरकारवाट आवश्यक उपकरण, सामग्री उपलव्ध भएको र स्वास्थ्यकर्मीले तालिम समेत लिई सकेको हुनाले भिरगाउँ स्वास्थ्य चौकीमा चौविस घण्टे वर्थिङ्ग सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

धनकुटा नगरपालिकाले वडा नं. १, ४, ५, ६  मा वडा स्तरीय आधारभूत स्वास्थ्य संस्था सञ्चालनका लागि निर्माण गरेका भवनहरु हालसम्म खाली रहेकाले वडावासीलाई प्राथमिक उपचार सेवा पुर्याउने गरी हाल मौजुदा जनशक्ति अहेव/अनमी मध्येवाट  १ जना, कार्यालय सहयोगी १ जना र अत्यावश्यकीय सामानको व्यवस्थापन गरी वडा स्तरीय आधारभूत स्वास्थ्य संस्था सञ्चालन गर्ने र वडा नं.३ र ८ मा हाल सञ्चालित संस्था मिलान गरी २/२ स्वास्थ्य संस्था सञ्चालनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ४

धनकुटा नगरपालिकाको नगर शिक्षा ऐन २०७६ को दफा १६ (१) ख अनुसार नगरसभाका सदस्यहरु मध्येवाट निम्नानुसार महिला तथा दलित समेत ३ जना मनोनित गर्ने निर्णण गरियो ।
१.श्री रेजीना हिङ्गमाङ्ग
२.श्री मिलन खड्गी
३.श्री सुरेन्द्र आठपहरीया

निर्णय नं. ५

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रिक्त रोजगार सहायक  पदको पदपूर्तिका लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड २०७८ को नं. ३ अनुसारको पदपूर्ति समितिमा सम्वन्धित स्थानीय तहले तोकेको विषय विज्ञ सदस्य रहने व्यवस्था रहेकोले विज्ञ कर्मचारी सदस्य -१ र मातृ तथा नव शिशु कार्यक्रम कार्यविधि अनुसार वेलहारा स्वास्थ्य संस्थामा चौविस घण्टे वर्थिङ्ग सेवा सञ्चालनका लागि तालिम लिएका SBA नियुक्तिका लागि छनौट समितिमा रहने विज्ञ स्वास्थ्य कर्मी -१ का लागि निम्नानुसार सदस्य तोक्ने निर्णय गरियो ।
रोजगार सहायकका लागि विज्ञ कर्मचारी श्री राजेन्द्र पौडेल
SBA नियुक्ति का लागि छर्नाट समितिमा विज्ञ धनकुटा अस्पतालका डाक्टर प्रतिनिधि माग गर्ने ।

**निर्णय नं. ६**

नेपाल सरकारवाट भएको तलव वृद्धि अनुसार हुने गरी धनकुटा नगरकार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुलाइ २०७९ साल श्रावण १ गते देखि खाई पाई आएको तलव स्केलमा १५ प्रतिशत वृद्धि गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

सघन सहरी तथा भवन निर्माण आयोजना धनकुटाले मिति २०७९/५/१० मा धनकुटा नगर क्षेत्रमा वहु वर्षिय योजनाको रुपमा सभा हल निर्माण गर्न चालु आ.व.मा रकम विनियोजन भई आएको हुनाले सभाहल कस्तो मोडलको र कहाँ वनाउने हो एकिन गरी लिखित जानकारी पठाई दिन लेखि आएकोमा धनकुटा नगरपालिका भित्र पर्याप्त जग्गा नभएको अवस्थालाई ख्याल गर्दै धनकुटा नगरपालिका ४ को श्रीपञ्चमी पार्कको सडक तर्फको जग्गामा पार्किङ व्यवस्था सहित नगर-सभा हल निर्माण गरी दक्षिण तर्फको भागमा पार्कमा रहेका मौजुदा खेल पूर्वाधारसँग सम्वन्धित संरचना सारी, मार्गा संरक्षण व्यवस्थापन सहित सभाहल निर्माण प्रकृया अगाडि वढाउन सघन सहरी तथा भवन निर्माण आयोजना धनकुटामा लेखिपठाउने साथै धनकुटा नगरपालिकाले किरात आठपहरीया समाजसँग संरचना वन्नु अगावै मार्गा संरक्षण गर्ने वारे समन्वय समेत गर्ने निर्णय गरियो

**निर्णय नं. ८**

धनकुटा गनरपालिका वडा नं. २ र ९ मा स्वास्थ्य चौकी रहेका र वाकी वडा क्रमश १, ३, ४, ५, ६, ७, ८, १० गरी ८ वटा वडाहरुमा वडा स्तरीय आधारभूत स्वास्थ्य संस्था सञ्चालन सञ्चालन गर्नु पर्ने हुँदा सञ्चालनका लागि नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसारआवश्यक दरवन्दी र रकम व्यवस्था गरीदिन नेपाल सरकार स्वास्थ्य मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

धनकुटा नगरपालिका १० कात्तिके खोला देखि पात्ले फारम गेट सम्म वर्षादका कारण सडक विग्रिएर विधार्थी विधालय आवत जावत गर्न, तरकारी दुध, वजार सम्म ढुवानी गर्न कठिनाई भएकाले सडक ग्राभेल गर्न रु ७,००,०००/-, धनकुटा नगरपालिका ३ चालुङ्गा सिलुङ्गामा सडक ढलाइ गर्न रु ७,००,०००/- र मुलघाट-धनकुटे खोला-टेकुनाला पदमार्ग निर्माण तथा चुलीवन फुटट्रेलमा फोहोर व्यवस्थापन प्रणाली निर्माण (युएनडिपि,नेपाल पर्यटन वोर्ड र धनकुटा नगरपालिका को लागत साझेदारीमा जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP) सञ्चालन गर्न) सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमवाट श्रमिक परिचालन र नगद सहभागिता ३०,००,०००/- व्यहोर्ने गरी जम्मा रु ४४,००,०००/-रकम चालु आ.व. को कर फिर्ता गरी वाकी रहने लगायत वजेट शीर्षकवाट भुक्तानी गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

धनकुटा नगरपालिका वडा नं ५ को निम्न स्वीकृत कार्यक्रमवाट तल उल्लेख भएका कार्यक्रम सञ्चालनका लागि उपलव्ध गराएको निम्नानुसारको रकम स्वीकृत गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | व.शी.नं. | स्वीकृत कार्यक्रम | स्वीकृत रकम | रकम उपलव्ध गराएको संस्था | कार्यक्रम | रकम |
|---|---|---|---|---|---|---|
| १ | २२५२२ | विविध वडाको निर्णयानुसार चालु खर्च | २,५०,०००/- | ईश्वरीय मार्ग दर्शन | कार्यालय व्यवस्थापन | १५०००/- |
| २ | | कृषि शिक्षा | ४,५०,०००/- | सल्लेरी आधारभूत विधालय | प्रोत्साहन भत्ता | ५००००/- |
| ३ | | | | मार्गा देवी महिला कृषक समुह | माउ वाखा वोयर वोका खरिद | ७०,०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | महिला, जेष्ठ नागरिक जनजाति | ३,००,०००/- | अल्जाईमर्स सेवा समाज | सचेतना कार्यक्रम | २५,०००/- |
| ५ | | | | तल्लो कोप्चे टोल वस्ती संगठन | तीज विशेष कार्यक्रम | १,५०,००० /- |
| ६ | | | | मधुमेही समाज | पुनर्ताजगी तालिम | २५,०००/- |
| ७ | | युवा खेलकुद | ३,००,०००/- | न्यू नव प्रभात क्लव | खेलकुद सामग्री खरिद | ३०,०००/- |

निर्णय नं. ११

धनकुटा नगरपालिका क्षेत्र भित्र कार्यालय रहेका क र ख वर्गका वैंकहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गत Corporate Social Responsibility (CSR) को रकम धनकुटा नगरपालिका क्षेत्र भित्र लगानी गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

धनकुटा नगरपालिकाको प्रतिनिधि र वडा नं. ७ का वडाध्यक्ष धनकुटा अस्पताल विकास समितिमा रहने व्यवस्थाका लागि सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ र धनकुटा अस्पतालमा लेखि उठाउने निर्णय गरियो ।

निर्णय नं. १३

धनकुटा नगरकार्यपालिकाको मासिक वैठक हरेक महिनाको अन्तिम साता वस्ने निर्णय गरियो ।

निर्णय नं. १४

अनुगमन तथा सुपरिवेक्षण समितिले योजना अनुगमन गर्न जाँदा सम्वन्धित विषय समिति संयोजकलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउने निर्णय गरियो ।

निर्णय नं. १५

धनकुटा तथा हिले वजार क्षेत्रको सौन्दर्य प्रवर्धन गर्न छरपष्ट टेलिफोन, केवल र विजुलीका तार,पोल व्यवस्थापनका लागि विधुत प्राधिकरण, नेपाल टेलिकम,केवल टिभि सञ्चालकलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

धनकुटा नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने टेम्पो व्यवस्थापनका लागि सूचीकरण, भाडा दर निर्धारण सम्वन्धमा आवस्यक गृहकार्य गरी नगरकार्यपालिका समक्ष सिफारिस गर्न निम्नानुसारको समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निम्न

१. संयोजक श्री रोशेष श्रेष्ठ, वडाध्यक्ष वडा नं. ७
२. सदस्य श्री ओडद तामाङ्ग, वडाध्यक्ष वडा नं. १
३. सदस्य श्री टंक प्रसाद रोईला, वडाध्यक्ष वडा नं. ९
४.सदस्य श्री दिलकुमार राई, कार्यपालिका सदस्य
५. सदस्य सचिव श्री कृष्णप्रसाद भण्डारी शाखा अधिकृत धनपाको कार्यालय

निर्णय नं. १६

धनकुटा नगरपालिकाको फोहर मैला व्यवस्थापन केन्द्र सञ्चालन तथा व्यवस्थापन र नगरपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापनका लागि निम्नानुसारको फोहर मैला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री मिलन खड्गी, वडाध्यक्ष वडा नं. ६
२. सदस्य श्री ओडद तामाङ्ग, वडाध्यक्ष वडा नं. १
३. सदस्य श्री धनकुमार आठपहरीया, वडाध्यक्ष वडा नं. ५
४.सदस्य श्री रोशेष श्रेष्ठ, वडाध्यक्ष वडा नं. ७

५. सदस्य  श्री भुवन राई वडा नं. ६

६.  सदस्य  श्री लक्ष्मी अधिकारी वडा नं. ६

७.  सदस्य  श्री वेणु वहादुर वस्नेत वडा नं. ६

८. सदस्य  श्री तारा अधिकारी वडा नं. ६

९. सदस्य सचिव श्री उपेन्द्र खनाल वातावरण अधिकृत धनपाको कार्यालय

**निर्णय नं. १७**

धनकुटा नगरकार्यपालिकाको कार्यालयवाट संकलन हुदै आएको सवै प्रकारका कर वडा कार्यालयवाट संकलन गर्ने व्यवस्था यथासिघ्र मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

धनकुटा नगरपालिकाको परिसरमा निर्माण भएको नयाँ चमेना गृह चालु आ.व.को वाँकी अवधिका लागि नगरसभावाट तय भएको दररेटमा साविकका चमेना गृह सञ्चालकसँग कार्यालयले सम्झौता गरी सञ्चालन गर्न दिने र आ.व. २०८०/८१ का लागि ०७८ वैशाख महिनामा वढावढको सूचना प्रकाशन गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

धनकुटा नगरपालिका ९ का तल्लो भागमा वसोवास गर्ने वडावासीका लागि वडाले मुलधाटवाट हप्ताको १ दिन घुम्ती सेवा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

फङसुवा खोला लगायत खोलाहरुको ढुंगा, गिटी, बालुवा, संकलन तथा बिक्री गर्ने सूचनानुसार वोलपत्र  दाखिला गर्ने मनकामना एकिकृत कृषि फर्म, धनकुटा न.पा. ६ का प्रोपाईटर मुकुन्द पोखेलले मिति २०७९।२।३१ गते व्यक्तिगत स्वास्थ्य समस्याका कारण उक्त ठेक्का सम्झौता गर्न  असमर्थ भएकोले नियमानुसार ठेकका रद्ध गरी पाउ भन्ने निवेदन पेश गरेकाले निजले बोलपत्र साथ संलग्न राखेको धरौटी रकम रु.२,००,००। (दुई लाख ) जफत गरी निजको स्वीकृत बोलपत्र रद्ध गरी पुनः ठेक्का बन्दोबस्त प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

धनकुटा नगरपालिका वडा नं. ७ बसपार्क स्थित ब्यापारिक भवनमा बिगत लामो समय देखि भाडामा बस्दै आएको माछापुछ्रे बैंक लि. धनकुटा शाखाले २०७९ मंसिर मसान्तबाट धनकुटा नगरपालिकासँग भएको सम्झौताको म्याद समाप्त हुने भएकोले थप अवधिको सम्झौता गरी भाडामा उपलब्ध गराईदिन २०७९।५।१२ मा निवेदन पेश गरेको हुँदा आर्थिक ऐन २०७९ ले निर्धारण गरे अनुसारको भाडा दरमा वार्षिक ५ प्रतिशतका दरले वार्षिक भाडा वृद्धि हुने गरी आगामी ५ वर्षका लागि सम्झौता गरी भाडामा दिने तथा उक्त भवनका अन्य कवल र वसपार्कका पसल कवलको ०८०/०८१का लागि ०८० वैशाखमा वढावढको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

धनकुटा नगरपालिका वडा नं १ वडा कार्यालयको च.नं २०२, मिति २०७९।५।२४ को पत्रावाट धनकुटा नगरपालिका १ हिलेमा लगाएको सवारी पार्किङ शुल्क संकलन गर्ने ठेक्का रद्ध गर्न लेखि आएकोमा नगरपालिका क्षेत्र भरी पार्किङ शुल्क संकलन गर्न बन्दोबस्त गरिएको ठेककामा वडा कार्यालयको पत्रानुसार हिलेको मात्रै रद्ध गने माग नियम सम्मत नहुने नमिल्ने  तथा पार्किङ शुल्क संकलनको ठेक्का रद्ध गर्ने औचित्य समेत पुष्टि नहुने देखिएकोले पत्रमा उल्लेख गरिएका शुल्क संकलनमा देखिएका अनियमिता वा त्रुटिको अनुगमन गरी तत्काल नियन्त्रण गर्ने, नियमानुसार नगरपालिकाले निर्माण, संरक्षण सम्वर्धन गरेको हिले बसपार्क,ट्याक्सि स्टेण्ड लगायत पार्किङ क्षेत्रमा नियमानुसार निरन्तर शुल्क संकलन गर्ने र तोकिएको भन्दा वढी भाडा लिएको पाईएमा कार्यालयले ठेकका लिनेलाई कार्यवाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

धनकुटा नगरपालिकाको स्वामित्वमा रहेको धनपा ७ बसपार्क स्थित व्यापारिक भवनका ४ वटा कवलहरु आर्थिक बर्ष सम्म बिभिन्न यातायात व्यवसायी संघहरुलाई निर्धारित भाडामा ५० प्रतिशत छुट दिदै आएकोमा आर्थिक ऐन २०७९ मा उक्त छुटको व्यवस्था नभएकोले साबिक बमोजिमको ५० प्रतिशत भाडामा छुट को निरन्तरताको लागि अनुरोध गरी बिभिन्न यातायात व्यवसायी संघका प्रतिनिधीहरुवाट संयुक्त निवेदन पेसहुन आएकोले पार्किङ शुल्क संकलन यातायात व्यवसायी संघहरुबाट निरन्तर रुपमा सहयोग एवं सहजिकरणमा सहयोग पुर्याएको हुँदा साबिकको ५० प्रतिशत कोठाभाडा छुटको सट्टा २५ प्रतिशत छुट दिने गरी भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

आजको यो वैठक नगरकार्यपालिकाका सवै सदस्यहरु, नगरसभाका सवै सदस्यहरु, नगरकार्यपालिकाको कार्यालयका सवै कर्मचारीहरु तथा धनकुटा नगरवासी वुवा,आमा,दाजुभाई दिदीवहिनीलाई विजया दशमी २०७९ को अवसरमा हार्दिक मङगलमय शुभकामना व्यक्त गर्ने समेत निर्णय गरियो ।